*(२०७४ बैशाख ३१ गते (१४ मे, २०१७) सम्पन्न हुने 'स्थानीय तह निर्वाचन' को तयारीका विषयमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले २०७४ वैशाख ५ गते ललितपुरको हिमालयन होटलमा दैनिक अखबारका प्रधानसम्पादक/सम्पादक तथा अनलाइनका सम्पादकसँगको अन्तरक्रियामा दिनुभएको वक्तव्य)*

**आयोगका माननीय सदस्यहरू, श्रीमान् सचिव, सहसचिवज्यूहरू,**

**राजधानीबाट प्रकाशित हुने विभिन्न राष्ट्रिय दैनिक तथा अनलाइन मिडियाका प्रधानसम्पादक, सम्पादक तथा वरिष्ठ पत्रकारज्यूहरू,**

१. संविधानसभाबाट जारी भएको 'नेपालको संविधान' अनुरुप ७४४ स्थानीय तहको निर्वाचनको कार्यक्रम र जिम्मेवारी लिएर आयोग तीव्ररूपमा अघि बढिरहेको यहाँहरुलाई विदितै छ । आयोगले केन्द्रीयस्तरको तयारीलाई अन्तिम चरणमा पुऱ्याइसकेको र निर्वाचनमा खटिने जनशक्तिलाई दिनुपर्ने केन्द्रीय र क्षेत्रीयस्तरका तालिम सम्पन्न गरी जिल्ला हुँदै अब स्थानीय तहमा सञ्चालन भइरहेका छन् । स्थानीय तहको निर्वाचन २०७४ बैशाख ३१ गते आइतबार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुने जानकारी यहाँहरूले पाइसक्नु नै भएको छ ।

२. निर्वाचन राजनीतिक दलहरुको लोकतन्त्रप्रतिको निष्ठा र प्रतिबद्धतालाई जनमतद्वारा मापन हुने वैधानिक परीक्षण प्रक्रिया हो । निर्वाचन मिडियाको पनि निष्पक्षता परीक्षण हुने र आफ्ना पाठकप्रति इमान्दार भई उनीहरुको विश्वास आर्जन गर्ने एउटा अवसर हो । पत्रकारिता लगाम विनाको घोडाजस्तो अघि बढ्न सक्दैन, यसका पनि निश्चित सीमा र समाजप्रतिको उत्तरदायित्व रहेको हुन्छ । स्थानीय तह निर्वाचनको महाअभियानमा राजनीतिक दलका नेता र कार्यकर्ताभन्दा नेपालका आमसञ्चार माध्यम निकै अघि रहेको अनुभूति आयोगले गरेको छ । निर्वाचनको वातावरण बनाउन, मतदातालाई जागरुक तुल्याउन तपाई विद्वान् पत्रकारहरुले खेल्नु भएको भूमिका र यहाँहरुको बौद्धिकतालाई म आयोगको तर्फबाट कदर गर्न चाहन्छु ।

३. **पत्रकार मित्रहरू,**

स्थानीय तह निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय बनाउनका लागि निर्वाचन आयोगले स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ लाई फागुन १८ गतेदेखि लागू गरिसकेको स्मरण गराउन चाहन्छु । मिडियाले पस्किएका सामग्रीहरूबाट आचारसंहिताको उल्लङ्घन भई आयोगले हैरानी व्यहोर्नु परेको अवस्था आजको दिनसम्म छैन, एकाध घटनामा भने आयोगले आफ्नो धारणा स्पष्ट गरिसकेको छ । निर्वाचनको अभियानमा मिडिया अघि अघि र त्यसको पछि पछि मतदाता रहेको हामीले अनुभूति गरेका छौं । २०७० सालको संविधानसभा निर्वाचनमा मिडियाले देखाएको परिपक्वकताले यस निर्वाचनलाई पनि सफल बनाउन सञ्चारमाध्यमको योगदान महत्वपूर्ण हुने आयोगले अपेक्षा गरेको छ । यस निर्वाचनमा उम्मेदवारी मनोनयन दर्ता यही वैशाख १६ गतेदेखि हुँदैछ । स्वाभाविकरूपमै उम्मेदवारी दर्तापछि आचारसंहिता उल्लङ्घन र दलीय प्रतिस्पर्धा तीव्र हुन्छ, त्यस्तो अवस्थामा आमसञ्चारका माध्यमबाट सम्प्रेषण हुने समाचार तथा विचार सत्य, तथ्य र विश्वसनीय हुने नै छन् । निर्वाचन आयोग प्रेस स्वतन्त्रताको पक्षमा छ, यहाँहरुले प्रेस स्वतन्त्रताको पूर्ण उपयोग गर्दा निर्वाचनको संवेदनशीलतालाई पनि बुझिदिनु हुने छ । निर्वाचनको अवधिमा सम्पादकीय स्वतन्त्रतामाथि लगानीकर्ता वा मालिकको स्वार्थ प्रतिबिम्बित हुने सम्भावना त्यतिकै रहन्छ यो पक्षलाई पनि सम्पादकज्यूहरुले मनन् गर्नु नै हुने छ ।

४. आयोगले स्थानीय तह निर्वाचनमा ७४४ वटा स्थानीय तहका लागि ३६ हजार ६३९ पदमा निर्वाचन गराउने तयारी अगाडि बढाएको छ । यस निर्वाचनबाट ४ महानगरपालिका, १३ उपमहानगरपालिका र २४६ नगरपालिकाका लागि २६३ जना प्रमुख र उपप्रमुख गरी ७२६ जना निर्वाचित हुने छन् । यसैगरी, ४८१

गाउँपालिकाबाट अध्यक्ष र उपाध्यक्ष गरी ९६२ जना निर्वाचित हुने छन् । ६ हजार ६८० वडाबाट त्यतिकै संख्यामा वडाअध्यक्ष र देशभरबाट २६ हजार ७२० वडा सदस्य निर्वाचित हुने छन् । संविधानले व्यवस्था गरेअनुसार यो निर्वाचनबाट १३ हजार ३६० जना महिला निर्वाचित हुने छन् । त्यसमा ६ हजार ६८० दलित महिलाको प्रतिनिधित्व हुने छ भने अन्य दलित तथा अल्पसङ्ख्यक गरी एक हजार ७५१ प्रतिनिधिसमेत निर्वाचित हुने छन् । स्थानीय तहमा यस्तो समावेशी हिसाबले निर्वाचन हुन लागेको पहिलो पटक हो । यस निर्वाचनबाट ४० प्रतिशतभन्दा बढी महिला निर्वाचित हुने र दलित तथा अल्संख्यकसहितको समावेशी स्वरूपको स्थानीय सरकार बन्ने छ ।

**५. सामग्री व्यवस्थापन :**

आयोगले निर्वाचनमा ६७ प्रकारका निर्वाचन सामग्रीको व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यसलाई आयोगले दुई प्रकारले सामग्री व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाएको छ । नेपालमा उपलब्ध हुने सामग्री हामी आफैं व्यवस्थापन गर्छौं भने नेपालमा उपलब्ध नहुने सामग्रीहरू छिमेकी मित्रराष्टसँग अनुरोध गरेका छौं । केही भौतिक सामग्री र निर्वाचन शिक्षाका सामग्री विकास साझेदार संघ संस्थासँग अनुरोध गरेका थियौं । चीन सरकारबाट १४ करोड ४० लाख रुपियाँ मूल्य बराबर सामान आयोगले प्राप्त गरिसकेको छ । भारत सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबाट प्राप्त हुने सामग्री आउने क्रममा छन् । जिल्ला जिल्लामा निर्वाचन सामग्री पुऱ्याउने कार्य सुरु भइसकेको छ ।

**६ मतपत्र छपाइ व्यवस्थापन :**

मतपत्रको छपाइ कार्य जनकशिक्षा सामग्री केन्द्रमा भइरहेको छ । विभिन्न ६ आकारका ७५ प्रकारका मतपत्रको छपाई कार्य अन्तिम चरणमा पुगेको छ । वैशाख ५ गतेसम्म ७३ जिल्लाको मतपत्र छपाइ भइरहेको छ ।

**७. मतदाता नामावली :**

स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले तयार पारेको फोटोसहितको मतदाता नामावलीलाई वैशाख ३ आयोगको वेभसाइटमा राखिएको छ । स्थानीय तह निर्वाचनमा २०७३ फागुन ९ गते १८ वर्ष पूरा भई मतदाता नामावलीमा फोटोसहितको नाम दर्ता गराएका मतदाताले मात्रै मताधिकार प्रयोग गर्न पाउने कानुनी व्यवस्था छ ।  आयोगले सातवटै प्रदेशका ७५ वटै जिल्ला र ७४४ वटै स्थानीय तहको १ करोड ४० लाख ५४ हजार ४८२ मतदाताको विवरणलाई अन्तिमरूप दिई मतदाताको जानकारीका लागि वेभसाइटमा राखेको हो । मतदाताले आयोगको वेभसाइट www.election.gov.np मा गई मतदाता नामावलीमा रहेको आफ्नो नम्बर र जन्म मिति राखेर आफ्नो विवरण हेर्न सक्नु हुने छ । स्थानीय तहको पुनःसंरचनाबाट मतदाताको ठेगाना परिवर्तन भएको छ । नयाँ संरचना अनुसारको स्थानीय तहको नाम र वडा खुल्ने गरी मतदाताको नामावलीलाई अद्यावधिक गरिएको छ । मतदाता नामावलीको छपाइ कार्य आयोगकै छापाखानाबाट भइरहेको छ र सोमबार दिउँसोसम्म ६७ जिल्लाको मतदाता नामावली छाप्ने कार्य सकिएको छ ।

**८. मतदाता परिचयपत्र**

मतदाताको फोटोसहितको मतदाता परिचयपत्रको छपाइ कार्य पनि आयोग परिसरमा भइरहेको छ । वैशाख ५ गतेसम्म ६२ जिल्लाको मतदाता परिचयपत्रको छपाइ कार्य पूरा भएको छ । मतदाता नामावली ऐन २०७३ अनुसार मतदानका लागि मतदाता परिचयपत्र अनिवार्य छ । आयोगले मतदाता परिचयपत्र मतदाताले

मतदान गर्ने केन्द्रबाटै पाउने गरी यही बैशाख २८ गतेबाट वितरण गर्ने योजना बनाएको छ । मतदाता परिचयपत्र लिन मतदाता आफैं उपस्थित हुनुपर्ने छ, आफू उपस्थित हुन नसक्ने अवस्थामा आफ्नो परिवारको सदस्य एकिन गरी निजले बुझिलिन सक्ने व्यवस्था छ ।

**९ मतदाता शिक्षा :**

संवैधानिक व्यवस्था बमोजिम दलित, महिला, अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित गर्न मतदाता शिक्षालाई व्यापकरुपमा लैजानु पर्ने भएकाले आयोगले सोही बमोजिम कार्यक्रम बनाएको छ । साथै उम्मेदवारका रुपमा महिला सहभागिता अत्यन्त बढी हुनुपर्ने आवश्यकता भएकाले महिला मतदाता मात्र हैन, महिला उम्मेदवारलाई परिलक्षित गरेर विशेष मतदाता शिक्षा कार्यक्रम लगिएको छ । मतदाता शिक्षालाई प्रभावकारी बनाउने आयोगको नीति अनुसार, तालिमप्राप्त मतदाता शिक्षा कार्यकर्तालाई घरघरमा पुग्ने व्यवस्था गरिएको छ । प्रति मतदान केन्द्र एक जनाका दरले करिब २१ हजार कर्मचारीलाई मतदाता शिक्षाका सामग्रीसहित परिचालन गरिएको छ । यसका साथै आमसञ्चार माध्यम रेडियो, टेलिभिजन, एफ. एम. रेडियोमा स्थानीय भाषाहरुमा समेत मतदातासँग सम्बन्धित सूचना तथा सन्देशहरू प्रकाशन तथा प्रसारण भइरहेको छ । नेपालमा बोलिने राष्ट्रभाषाहरुमध्ये १७ राष्ट्रभाषामा समेत मतदाता शिक्षा सामग्री तयार गरिएको छ । मतदाता शिक्षालाई बढी प्रभावकारी बनाउन आम सञ्चारमाध्यम, राजनीतिक दल, उम्मेदवारहरूको पनि पर्याप्त सहयोग हुने विश्वास आयोगले लिएको छ ।

**१०. कानुनी पूर्वाधार**

स्थानीय तह निर्वाचनलाई आवश्यक पर्ने चारवटा ऐनहरू क्रमशः निर्वाचन आयोग ऐन २०७३, मतदाता नामावली ऐन २०७३, निर्वाचन (कसुर र सजायँ) ऐन २०७३ र स्थानीय तह निर्वाचन ऐन २०७३ व्यवस्थापिका-संसद्‌बाट पारित भई आयोगले प्राप्त गरिसकेको छ । निर्वाचन आयोग नियमावली २०७३, स्थानीय तह निर्वाचन नियमावली २०७३ तथा स्थानीय तह निर्वाचन निर्देशिकाहरू पनि आयोगले पारित गरिसकेको छ र अन्य नियमावली तथा निर्देशिकाहरू बन्ने क्रममा छन् ।

**११ सुरक्षा व्यवस्था :**

निर्वाचनमा आवश्यक पर्ने सबै सुरक्षा व्यवस्था नेपाल सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गरेको छ । निर्वाचन आयोगका पदाधिकारी, कर्मचारी, निर्वाचनमा खटिने कर्मचारी, मतदानमा प्रयोग हुने सामग्रीहरूको सुरक्षा, ढुवानी व्यवस्थापन, मतदान स्थलको सुरक्षा तथा मतदाता, राजनीतिक दलको कार्यालय, उम्मेदवार यी सबैको भरपर्दो सुरक्षा व्यवस्था हुने छ भन्नेमा आयोग विश्वस्त छ । सुरक्षासहित अन्य व्यवस्थापनलाई सहज बनाउन वैशाख ३ गतेबाट संयुक्त निर्वाचन संचालन केन्द्र (जेईओसी) स्थापना भइसकेको छ । जिल्लास्तरमा पनि यस्तो केन्द्र स्थापना भएको छ ।

**१२. मतपेटिकाको व्यवस्थापन :**

निवाृचनमाका लागि आवश्यक पर्ने करिव ८४ हजार मतपेटिका मध्ये नपुग ३० हजार मतपेटिका आयोगले खरिद गरी प्राप्त गरिसकेको छ ।

**१३. निर्वाचन पर्यवेक्षण :**

स्थानीय तहको निर्वाचन पर्यवेक्षणका लागि आयोगले राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुरोध गर्ने नीति अगाडि सारेको छ । पर्यवेक्षणका लागि आयोगले ४१ वटा संस्थालाई निर्वाचनका लागि पर्यवेक्षणको अनुमति प्रदान

गरिएको छ । आयोगले नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधिको विवरण संकलन गर्न परराष्ट्र मन्त्रालयसँग पत्राचार गरिसकेको छ ।

**१४. दलहरूको अवस्था :**

निर्वाचन आयोगमा ११३ वटा राजनीतिक दलहरू दर्ता भएका छन् । स्थानीय तह निर्वाचन ऐन २०७३ अनुसार स्थानीय तह निर्वाचनमा व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गरेका राजनीतिक दलहरूलाई २०७० मा भएको संविधानसभा निर्वाचनमा जुन निर्वाचन चिह्न पाएको हो त्यही प्रदान गरिने छ भने अन्य दलहरूले स्वतन्त्र उम्मेदवारको रूपमा निर्वाचनमा भाग लिनुपर्ने व्यवस्था छ । जिल्लागत रूपमा दलहरू दर्ता गरिएकोमा केन्द्रमा ८० राजनीतिक दल दर्ता भएका छन् भने जिल्लास्तरमा सबैभन्दा बढी काठमाडौं ४७ र सबैभन्दा कम मनाङ जिल्लामा ६ वटा दल दर्ता भएका छन् । दलको तर्फबाट उम्मेदवारी मनोनयन गर्दा आवश्यक पर्ने दलको आधिकारीक पदाधिकारीको हस्ताक्षर माग गरिएकोमा ६३ वटा राजनीतिक दलले हस्ताक्षरको नमूना आयोगमा बुझाएका छन ।

**१५ आचारसंहिता व्यवस्थापन**

स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले माननीय निर्वाचन आयुक्त सुधीरकुमार शाहको संयोजकत्वमा केन्द्रीयस्तरमा निर्वाचन आचारसंहिता अनुगमन समिति गठन गरेको छ । जिल्लामा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन कार्यालयलगायतले पनि आचारसंहिता उल्लङ्घनको अनुगमन गर्ने छन् । जिल्लामा उजुरी परेर त्यहाँ टुङ्गो नलागेका विषयलाई केन्द्रमा पठाइने छ र उक्त समितिले आवश्यक निर्णय गर्ने छ । प्रचार प्रसारको कार्य सुरू भएपछि विभिन्न किसिमको अनुगमन टोलीले अनुगमन गर्ने व्यवस्था गरिएको छ । यस्तो टोलीले आचारसंहिता उल्लङ्घनलाई रोक्ने छ र आवश्यक परेमा जरिवानासमेत गर्न सक्ने व्यवस्था छ । आयोगले स्थानीय तह निर्वाचनका लागि फागुन १८ देखि निर्वाचन आचारसंहिता लागू गरिसकेको छ । वैशाख ४ गतेसम्ममा आयोगमा एक हजार २०५ निवेदन परेकोमा एक हजार ९३ सहमति माग गरिएको र ५९ वटा आचारसंहिता पालनासग सम्वन्धीत उजुरी परेका छन् ।

**१६. मतदान केन्द्र :**

मतदाताको संख्याको आधारलाई विश्लेषण गरेर देशभर १० हजार ६४० मतदान स्थल र करिब १९ हजार केन्द्र हुने अनुमान गरिएको छ ।

**१७. तालिम तथा जनशक्ति व्यवस्थापन :**

कुल ७४४ स्थानीय तहको निर्वाचनका लागि ७५ मुख्य निर्वाचन अधिकृतको कार्यालय यही वैशाख ३ गते नै मुलुकका ७५ जिल्लामै शान्तिपूर्णरुपमा स्थापना भई सञ्चालनमा आइसकेका छन् । बाकी ६६९ वटा स्थानीय निकायका लागि निर्वाचन अधिकृतको कार्यालय वैशाख १२ गतेसम्म खोल्ने आयोगको तयारी छ । त्यहाँ ६ हजार ८४६ जना कर्मचारी खटिने छन् । प्रत्येक मतदान केन्द्रमा पाँचजना कर्मचारी र तीनजना स्वयंसेवक खटिने छन् । एक लाख २६ हजार कर्मचारी र ६३ हजार स्वयंसेवक मतदान केन्द्रमा खटिने अनुमान छ । बढी संख्यामा वडा भएका महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकामा मनोनयनपत्र दर्तालगायतको कार्यमा थप कर्मचारी खटाइने छ । मतदाता शिक्षा कार्यकर्तालाई तालिम दिइसकिएको छ । त्यसैगरी, जिन्सी व्यवस्थापनका लागि केन्द्रीय, क्षेत्रीयस्तरमा सम्पन्न भएका छन् ।

निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई निर्वाचनसम्बन्धी मतदान तालिम प्रदान गर्न ४५ जनालाई मुख्य प्रशिक्षक प्रशिक्षण, ८१९ जनालाई  क्षेत्रिय प्रशिक्षक प्रशिक्षण दिइसकिएको छ भने करिव १९ हजार मतदान केन्द्रका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत गरी करिब ३८ हजार जनालाई प्रशिक्षणको व्यवस्था गरिएको छ ।

**१८. निर्वाचन अनुगमन :**

निर्वाचन अनुगमनका लागि उच्चस्तरीय अनुगमन गर्न केन्द्रबाट उच्चस्तरीय कर्मचारी खटाइने छ भने जिल्लास्तरबाट पनि अनुगमन टोलीहरू खटिने छन् । सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी केही जिल्लामा सूक्ष्म अनुगमनकर्ताहरु खटाइने छ । निर्वाचनलाई व्यवस्थित बनाई सञ्चालन गर्न आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC)  वैशाख ३ गते नै स्थापना भइसकेको छ भने  जिल्लास्तरमा पनि यस्तो निर्वाचन सञ्चालन केन्द्र (JEOC) केन्द्र केही दिनभित्रै स्थापना गरिने छ  । साविकको जस्तै निर्वाचनसँग सम्बन्धित सूचना तथा जानकारीहरू सरल र सहज तरिकाले प्रदान गर्न निर्वाचन आयोगमा कल सेन्टर सञ्चालनको तयारी भइरहेको छ । केही संवेदनशील मतदान स्थललाई प्रविधिको प्रयोग गरी आयोगबाट सोझै अनुगमनको व्यवस्था मिलाइने छ । स्थानीय तह निर्वाचनको प्रयोजनका सूचना प्रवाहमा सहजता ल्याउन मिडिया सेन्टर सञ्चालनमा आइसकेको छ ।

निर्वाचनको मिति घोषणापछि हालसम्म निर्वाचन आयोगले केन्द्रमा लिनुपर्ने नीतिगत निर्णय तथा निर्वाचन सञ्चालनका लागि व्यवस्थापन गर्नुपर्ने ९० प्रतिशत भन्दा बढी कार्य सम्पादन गरिसकेको छ । अब निर्वाचन सञ्चालनको जिम्मेवारी जिल्ला तहमा पुग्दैछ ।

**आदरणीय पत्रकार मित्रहरू,**

१९ तपाईहरु, आत्माविश्वासी, दूरगामी सोच राख्ने, अध्ययनशील र व्यापक जनसम्पर्क भएको व्यक्तिहरू हुनुहुन्छ । तपाईहरु उच्च गरिमायुक्त, जोखिमपूर्ण र सङ्घर्षशील पेशाका नायक हुनुहुन्छ । यो निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई गाउँस्तरबाटै संस्थागत गर्ने र जनताको सबैभन्दा नजिकको सरकार निर्माण गर्ने छ । लामो समयदेखि अवरुद्ध रहेको स्थानीय तहको निर्वाचनले गाउँदेखि नै नेतृत्वको विकास भई आर्थिक, सामाजिक विकासमा पनि महत्वपूर्ण योगदान पुग्ने विश्वास हामीले लिएका छौँ । लोकतान्त्रिक वातावरणमै मिडियाहरु फस्टाउँछन्, जनजनसम्म पुग्दछन् र उच्च व्यावसायिकरुपमा स्थापित पनि हुन्छन् । आयोगको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएकोमा हामी यहाँहरुलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहन्छौं । विगतमा जस्तै यहाँहरूले निष्पक्ष, स्वतन्त्र र विश्वसनीय सूचना तथा सन्देश सम्प्रेषण तथा प्रवाह गरेर स्थानीय तह निर्वाचनमार्फत लोकतन्त्रको जगलाई संस्थागत गर्ने कार्यमा पूर्ण सहयोग र समर्थन हुने नै छ भन्नेमा म पूर्ण विश्वस्त छु ।

**नयाँ वर्ष २०७४ को मङ्गलमय शुभकामनासहित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।**